अनुसूची२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# ब्याँस गाउँपालिका राजपत्र

खण्ड: २ संख्या: १४ मिति: २०७५/०१/३१

भाग-२

## खर छाप्रो मुक्त कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५

दार्चुला जिल्ल ाब्याँस गाउँपालिका अन्तरगत स्थायी बसोवास गर्ने अति विपन्न गरिवीको रेखामुनी रहेका र हाल सम्म अफ्नो आवस खर वा फुसले छाएका परिवारहरू लाई पहिचान गरी जस्तापाता उपलब्ध गराई मानवीय न्यायको आधारमा खर छाप्रो मुक्त बनाउन ब्याँस गाउँ सभाको २०७५/०५/२६ गते गरेको निर्णय लाई ब्यवस्थीत र बैज्ञानिक बनाउन"खरछाप्रो मुक्त कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५"तर्जुमा गरी लागु गरिएको छ ।

**१ संक्षिप्तनाम र प्रारम्भः-**

क) यस निर्देशिकाको नाम ः-"खरछाप्रो मुक्तकार्यक्रम कार्यान्वयन निर्देशिका २०७५" रहेको छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिकाले पारित गरेको दिन देखि लागु हुने छ ।

**२ परिभाषा** ः"खरछाप्रो"भन्नाले ब्याँस गाउँपालिक ाअन्तरगतका सबै बस्तीहरूमा रहेका खर र फुसले छाएका घरहरू लाई सम्झनु पर्दछ ।

**३. उदेश्य** ः

क)ब्याँस गाउँपालीका अन्तरगतका सबै बस्तीहरूमा रहेका खर र फुसले छाएका घरहरूलाई जस्तापाता छाउने रहेको छ ।

ख) विपन्न परिवारहरूलाई राहतदिने उदेश्य ले यो कार्यक्रम सञ्चालन गरिने छ ।

दिलिप सिंह बुढा
ब्याँस गा .पा (अध्यक्ष)

ग) खर छाप्रो भित्रबस्ने जेष्ठनागरिक बेरोजगार एकलमहिला,असक्त अपाङ्गहरूलाई जस्तापाताको छानामुनीबस्ने ब्यवस्थागरिने छ ।

घ) दैविप्रकोपमा परेकाजस्तै-बाढी,पहिरो,आगलागी,चट्याङ,आदी परी विचल्लीमा रहेका विपन्न परिवार हरूलाई राहतउपलब्ध गराइने छ ।

४.क्षेत्र -ब्याँस गाउँपालिकाले ओगटेको सम्पूर्ण क्षेत्र ।

## ५. कार्यविधि

क) सम्पूर्ण वडाकार्यालयहरू मार्फत घर धुरी सर्वेक्षण गरिने छ ।

ख) सार्वजनिक सुचनाप्रकाशित गरी निवेदनका आधारमा वडा कार्यालय बाट प्राथमिकताको आधारमा गाउँपालिकालाई सहुलियतकालागि सिफारिस गरिने छ ।

## ६. अनुगमन :

गाउँपालिकाको पदाधिकारी एवं प्राविधिक टोली बाट कार्यक्रम कार्यान्वयनबारे अनुगमन गरिने छ ।

## ७. प्रकृया :

क) दलित एकल अतिविपन्न प्राथमिकीकरण

ख) जनजाती , एकल , अतिविपन्न प्राथमिकिकरण

ग) जेष्ठनागरिक अतिविपन्न बेसहारा प्राथमिकीकरण

८. यसै निर्देशिक बमोजिम भएको मानिने : -गाउँ सभावागाउँकार्यपालिकाको निर्णय बमोजिम हाल सम्म सहुलियत प्राप्त गरिसकेका विपन्न परिवारले यसै निर्देशिका बमोजिम सहुलियत प्राप्त गरेको मानिने छ ।

९. निर्देशिका लागु रहने अवधि :- यो निर्देशिकामाउल्लेखितकार्यक्रमहरू यस आ.ब. २०७४/०७५ मा मात्र लागु हुने छन् र ब्याँस गाउँसभाको निर्णय बमोजिम लक्ष पुरा हुन नसकेमा गाउँशभा वा गाउँकार्यपालिकाले निर्णय गरी कार्यक्रमको अवधि बढाउन सक्ने छ ।

आज्ञाले
राम दत्त जोशी
नि प्रमुख प्रशासकिय अधिकृत

दिलिप सिंह बुढा
ब्याँस गा .पा (अध्यक्ष)